# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ | संख्याः ३ | मितिः असार ८ गते, २०८०


## भाग–१

## चन्द्रागिरि नगरपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाबाट यो राजपत्र प्रकाशन गरिएको छ ।

## सम्वत् २०८० सालको ऐन नं. १

## चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई व्यवस्थापन ऐन, २०८०

**प्रस्तावनाः**

नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको अधिकार र दायित्व, संघीय खानेपानी तथा सरसफाई ऐन, २०७९ ले दिएको जिम्मेवारी अनुसार चन्द्रागिरि नगरपालिका क्षेत्रको सरकारी, सरकारी स्वामित्वको निकाय, स्थानीय उपभोक्तामातहत सञ्चालनमा रहेका खानेपानी प्रणालीहरूलाई यस नगरपालिका मातहत एकीकृत गरी संरचनागत र प्रबन्धकीय व्यवस्था गर्न,

नगरपालिकाका सबै वडा तथा क्षेत्रमा रहेका खानेपानीका स्रोतहरूको पौराणिक संरचना र सांस्कृतिक धरोहरहरूमा असर नपर्ने गरी संरक्षण र सामाजिक न्यायको आधारमा उपयोग, गुणस्तरयुक्त खानेपानी उत्पादन, व्यवस्थित वितरण प्रणालीको विकास, नियमित मर्मत संभार तथा विस्तार, खानेपानी महसुल दरको समसामयिक समीक्षा र एकरुपतासहित परिमार्जन र अद्यावधिक, महसुल संकलन प्रणालीमा प्रविधिको उपयोगसहित वैज्ञानिक पद्धतिको विकास गरी समग्र रुपमा नगरपालिका स्तरमा खानेपानी सेवालाई नियमित, व्यवस्थित, गुणस्तरयुक्त र सुलभ बनाई नगरपालिका क्षेत्रभित्रका बासिन्दाहरूलाई भरपर्दो सेवा प्रदान गर्ने गराउने तथा उचित र प्रभावकारी व्यवस्था गर्ने सम्बन्धमा चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई व्यवस्थापन ऐनको व्यवस्था गर्न वान्छनीय भएकोले चन्द्रागिरि नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) (ध) बमोजिम नगरपालिकालाई प्राप्त अधिकार क्षेत्र अन्तर्गतको खानेपानी प्रणाली व्यवस्थित गर्न सोही ऐनको दफा १०२ को अधीनमा रही चन्द्रागिरि नगरपालिकाको नगरसभाले “चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई व्यवस्थापन ऐन, २०८०” तर्जुमा गरी लागु गरिएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **“चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई व्यवस्थापन ऐन, २०८०”** रहनेछ ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) **"ऐन"** भन्नाले "चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई व्यवस्थापन ऐन, २०८०" लाई सम्झनु पर्छ ।

(ख) **"नगरपालिका"** भन्नाले चन्द्रागिरि नगरपालिकालाई सम्झनु पर्छ ।

(ग) **"नगरसभा"** भन्नाले चन्द्रागिरि नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(घ) **"कार्यालय"** भन्नाले चन्द्रागिरि नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(ङ) **"प्रमुख"** भन्नाले चन्द्रागिरि नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

(च) **"कार्यालय प्रमुख"** भन्नाले चन्द्रागिरि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) **"समिति"** भन्नाले यस ऐनको दफा (७) बमोजिम गठन भएको परिषद मातहत गठन हुने वडा तथा स्थानीय तहका समितिहरूलाई सम्झनु पर्छ ।

(ज) **"संस्थान"** भन्नाले काठमाडौं उपत्यका खानेपानी लिमिटेडलाई सम्झनु पर्छ ।

(झ) **"भौगोलिक क्षेत्र"** भन्नाले नगरपालिकाले खानेपानी सेवा संचालन तथा व्यवस्थापन गर्न गराउन दफा ४ बमोजिम तोकेको क्षेत्र सम्झनु पर्छ ।

(ञ) **"प्राकृतिक पानी"** भन्नाले सनातनदेखि चल्दै आएको ढुंगेधारा, कुवा, नदी, इनार, पोखरी, ताल वा सतही प्राकृतिक श्रोतबाट निसृत भएको वा भूमिगत श्रोतबाट निकालिएको पानी सम्झनु पर्छ ।

(ट) **“खानेपानी सेवा”** भन्नाले प्राकृतिक पानी वा तोकिएको मापदण्ड बमोजिमको पानीको सञ्चय, स्थानान्तरण, प्रशोधन तथा शुद्धीकरण गरी उपभोक्तालाई खानेपानी उपलव्ध गराउने कार्यलाई सम्झनु पर्छ ।

(ठ) **“सेवा प्रणाली”** भन्नाले खानेपानी सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाइपलाइन, जलासय वा खानेपानी प्रशोधन वा शुद्धीकरण प्लाण्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा घर, जग्गा र त्यसमा निर्मित भौतिक संरचनालाई सम्झनु पर्छ ।

(ड) **“महसुल”** भन्नाले नगरपालिकाले खानेपानी सेवा प्रदान गरेवापत उपभोक्ताबाट लिन पाउने महसुल सम्झनु पर्छ ।

(ढ) **“परिषद्”** भन्नाले दफा ७ बमोजिम गठन हुने परिषद सम्झनु पर्छ ।

(ण) **“ढल निकास”** भन्नाले मानव मलमुत्रसहित वा रहित फोहोरपानीलाई भूमिगत वा सतही ढल प्रणाली वा अन्य कुनै सुरक्षित तरिकाबाट संकलन, प्रशोधन र स्थानान्तरण गर्ने कार्यलाई सम्झनु पर्छ ।

(त) **“सरसफाई सेवा”** भन्नाले फोहोरपानी व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्छ र सो शब्दले पानीको स्रोत संरक्षण गर्न ढल निकास प्रणाली, फोहोरपानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, विकास, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँछ ।

(थ) **“तोकिएको”** वा **“तोकिए बमोजिम”** भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली, कार्यविधि मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद- २

## चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई व्यवस्थापन

३. **चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाइ व्यवस्थापनः** चन्द्रागिरि नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी यो ऐन प्रारम्भ भएका वखत नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सबै किसिमका खानेपानी सेवा प्रणाली तथा सेवालाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई व्यवस्थापन परिषद गठन गरिनेछ ।

४. **भौगोलिक क्षेत्रः** (१) दफा (७) बमोजिम गठन हुने परिषदको भौगोलिक क्षेत्र चन्द्रागिरि नगरपालिकाको क्षेत्रभित्र रहनेछ ।

(२) उपदफा (१) बमोजिम परिषद्को भौगोलिक क्षेत्रमा थपघट गर्न वा हेरफेर गर्न उपयुक्त देखिएमा परिषद्ले आवश्यक प्रस्ताव तयार गरी निर्णय तथा सिफारिस गरी नगरकार्यपालिकामा पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रस्ताव सम्बन्धमा नगरकार्यपालिकाले आवश्यक जाँचवुझ गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचवुझ गर्दा भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न उपयुक्त देखेमा कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी भौगोलिक क्षेत्र थपघट गर्न सक्नेछ ।

(५) सिमानासँग जोडिएका अन्य पालिकाहरूसँगको सहमति सहकार्यबाट तोकिएका क्षेत्रहरू विस्तार गर्न सकिनेछ ।

५. **खानेपानी तथा अन्य जलश्रोत माथिको स्वामित्वः** (१) चन्द्रागिरि नगरपालिकाको भौगोलिक क्षेत्रभित्रका सार्वजनिक खोला, इनार, कुवा, पोखरी लगायतका पानीका मुहान, विगतमा अन्य निकायसँग दर्ता भई उपभोक्ता समिति मार्फत

सञ्चालनमा रहेका र समुदायमा आधारित सतह वा भूमिगत बोरिङ्ग जस्ता खानेपानीका मुहानको स्वामित्व यो ऐन प्रारम्भ भएपछि स्वतः नगरपालिका मातहतमा रहनेछ ।

(२) चन्द्रागिरि नगरपालिकाको भौगोलिक क्षेत्रभित्रका सार्वजनिक खोला, इनार, कुवा, पोखरी जस्ता सतह वा भूमिगत खानेपानी प्रशोधन र परीक्षण गरी संचालित उपभोक्ता समिति, सामुदायिक स्वामित्वमा रहेका खानेपानी प्रणालीहरू र यससँग सम्बन्धित सम्पूर्ण चल अचल सम्पत्ति तथा दायित्व यो ऐन प्रारम्भ भएपछि स्वतः नगरपालिकाको स्वामित्वमा हुनेछ ।

(३) उपदफा (२) बमोजिमका उपभोक्ता समितिहरू वा सामुदायिक स्वामित्वमा रहेका खानेपानी प्रणालीहरूले सम्पूर्ण सम्पत्ति तथा दायित्व यो ऐन प्रारम्भ भएको ३ महिनाभित्र लेखापरीक्षण गरी नगरपालिकामा पेश गर्नुपर्नेछ । त्यसरी पेश हुन आएको लेखा परीक्षण विवरणलाई नगरपालिकाले पनि आन्तरिक लेखा परीक्षण गराउन सक्नेछ र दायित्वको सम्बन्धमा परिषद्ले बैठकमा पेश गरी वास्तविक दायित्व ठहर्‍याई सिफारिस गरेको दायित्व मात्र नगरपालिकाले व्यहोर्नेछ ।

(४) माथि जुनसुकै कुरा लेखिएता पनि आधारभूत खानेपानी तथा सरसफाई सेवाको सञ्चालन तथा व्यवस्थापन नेपाल सरकार, प्रदेश सरकार तथा अन्य नगरपालिकाको पारस्परिक समन्वयमा नगरपालिका आफैंले गर्न गराउन सक्नेछ । साथै नगरपालिकाले आफ्नो क्षेत्रभित्र पानीको स्रोत रहेको जुनसुकै सार्वजनिक स्थानहरूको समेत पहिचान गर्ने तथा त्यस्ता प्राकृतिक मुहान तथा स्थानहरूमा खानेपानी प्रणाली सञ्चालन गर्न सक्नेछ ।

(५) विद्यालय, अस्पताल, धार्मिक तीर्थस्थल, मठ मन्दिर, उद्योग तथा व्यवसाय सञ्चालनका लागि खानेपानी प्रणाली सञ्चालन गर्दा नगरपालिकाले आवश्यक व्यवस्थापन गर्नेछ ।

(६) भूमिगत वा सतहको स्रोतबाट उद्योगको रुपमा संचालित खानेपानी व्यवसायलाई कार्यविधि बनाई क्रमशः निरुत्साहित गरी व्यवस्थित गरिने छ ।

(७) यो ऐन प्रारम्भ हुँदाका बखत चन्द्रागिरि नगरपालिकालाई कार्यक्षेत्र बनाई विभिन्न निकायमा दर्ता भएका वा नभई सञ्चालनमा रहेका खानेपानी प्रणालीमा संलग्न खानेपानी तथा सरसफाई उपभोक्ता समिति, समुह, संस्थाहरु यो ऐन प्रारम्भ भए पश्चात चन्द्रागिरि नगरक्षेत्र भरका लागि स्वतः निस्कृय हुनेछन् ।

(८) खानेपानीको मुहान निजी जग्गामा रहेको अवस्थामा सो जग्गाधनीको समन्वयमा खानेपानीको मुहान संरक्षण गरिनेछ ।

६. **पानी उपभोग तथा वितरण सम्बन्धी अधिकारः** (१) यो ऐन कार्यान्वयमा आउनु अगाडि सार्वजनिक वा सामुदायिक वा उपभोक्ता समिति वा अन्य कुनै विधिबाट संचालनमा रहेका खानेपानी सेवा प्रणालीहरू यो ऐन अनुसारको सेवा प्रणालीको उपभोग तथा सेवा वितरण सम्बन्धी सम्पूर्ण अधिकार नगरपालिकामा निहित हुनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकामा समाहित भएका सेवा प्रणालीको उपभोग, सञ्चालन तथा मर्मत सम्भार वा पुनर्स्थापन गर्ने क्रममा सार्वजनिक वा व्यक्तिगत घर जग्गामा वितरण प्रणाली विस्तार वा भौतिक संरचनाहरूको पुननिर्माण वा मर्मत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार नगरपालिकामा रहनेछ ।

७. **चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई परिषद्को गठन :** (१) दफा ३ बमोजिमको कार्य सम्पादन गर्न तथा सम्पूर्ण काम कारवाही सुचारु रुपमा सम्पादन गर्न गराउन नगरपालिकामा एक चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने परिषद्मा देहाय बमोजिमका पदाधिकारीहरू रहनेछन् :

(क) नगर प्रमुख - अध्यक्ष

(ख) नगर उपप्रमुख - सदस्य

(ग) नगर प्रवक्ता - सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) सामाजिक विकास समिति, संयोजक - सदस्य

(च) वातावरण तथा विपद् व्यवस्थापन समिति, संयोजक - सदस्य

(छ) पूर्वाधार विकास समिति, संयोजक - सदस्य

(ज) अध्यक्षले तोकेको कार्यपालिका सदस्य - सदस्य

(झ) प्राविधिक अधिकृत प्रतिनिधी, काठमाडौँ उपत्यका खानेपानी बोर्ड - सदस्य

(ञ) खानेपानी तथा सरसफाई क्षेत्रका बिज्ञमध्येबाट अध्यक्षले मनोनयन गर्ने एक जना महिला सहित ३ जना - सदस्य

(ट) नगरपालिकाको पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

(ठ) अध्यक्षले तोकेको नगरसभा सदस्य - सदस्य

(ड) खानेपानी हेर्ने शाखाको प्रमुख - सदस्य सचिव

८. **सदस्यहरूको पद रिक्त हुने अवस्थाः** परिषद्मा मनोनित सदस्यहरूको पद देहायको अवस्थामा रिक्त भएको मानिनेछ :

(क) निजले मनोनयन गर्ने निकाय समक्ष आफ्नो पदबाट लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निज कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार प्रमाणित भएमा,

(घ) निज बिनासूचना लगातार तीन पटकसम्म परिषदको बैठकमा अनुपस्थित भएमा,

(ङ) निजको मृत्यु भएमा ।

९. **रिक्त स्थानको पूर्तिः** परिषद्को मनोनित सदस्यको पद कुनै कारणबाट रिक्त भएमा दफा (७) को उपदफा (२) बमोजिमको आधारमा पूर्ति गरिने छ ।

१०. **परिषद्को काम, कर्तव्य र अधिकारः** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(१) खानेपानी सेवा प्रणालीको स्वामित्व ग्रहण, निर्माण, विस्तार, मर्मत सुधार तथा पुनर्स्थापना गर्ने गराउने,

(२) खानेपानी सेवा सम्बन्धी नीति, रणनीति, दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने,

(३) खानेपानीको अनुचित उपयोग, दुरुपयोग, चुहावट नियन्त्रण र प्रदुषित हुन नदिने उपायहरू अवलम्बन गर्ने गराउने,

(४) खानेपानीको श्रोत, वितरण प्रणाली, नियमित मर्मत सम्भार, महसुल संकलन तथा व्यवस्थापन, गुणस्तर सुधार, लगानीका पद्धतिहरू जस्ता विषयमा अध्ययन अनुसन्धान तथा सर्वेक्षण गर्ने गराउने,

(५) सेवा सञ्चालनका लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्था गर्ने,

(६) प्रचलित कानून बमोजिम सेवाको महशुल दर निर्धारण गर्ने,

(७) खानेपानी महसुल संकलन गर्ने गराउने,

(८) गुणस्तरयुक्त र प्रभावकारी सेवा संचालन गर्न आवश्यक प्रबन्ध गर्ने,

(९) आफ्नो भौगोलिक क्षेत्रभन्दा बाहिरबाट प्राकृतिक स्रोत वा गुणस्तरीय मापदण्डयुक्त पानी पथान्तरण (डाईभर्सन) गरी आफ्नो भौगोलिक क्षेत्रभित्र सेवा उपलब्ध गराउन त्यस्तो पानी प्राप्त गर्ने तथा सोसँग सम्बन्धित निकाय वा संस्था वा व्यक्तिसँग प्रचलित कानून बमोजिम सम्झौता गर्ने,

तर आफ्नो भौगोलिक क्षेत्रभन्दा बाहिरबाट पथान्तरण (डाईभर्सन) गरी आफ्नो भौगोलिक क्षेत्रभित्र पानी ल्याउँदा सो क्षेत्रका स्थानीय तह वा उपभोक्ताको समन्वय र सहकार्यबाट कार्यान्वयन गर्ने,

(१०) परिषदले उपदफा (६) बमोजिम महसुल निर्धारण प्रत्येक आ.व. शुरु हुनु अगावै आर्थिक ऐनमा प्रकाशित गरी लागु गर्ने,

(११) समान दररेट र समान परिमाणको वितरण प्रणालीलाई प्राथमिकतामा राखी एकरुपता कायम गर्ने,

(१२) खानेपानीको मुहान वा स्रोत रहेका प्रभावित समुदायलाई विशेष व्यवस्था गर्ने,

(१३) सामुदायिक वन उपभोक्ता समिति मार्फत संरक्षणमा रहेको वन क्षेत्रभित्रको पोखरी, खानेपानी मुहान संरक्षण गर्न ती सामुदायिक वन उपभोक्ता समितिसँग आवश्यक समन्वय गर्ने,

(१४) चन्द्रागिरि नगरपालिकाको जलाधार क्षेत्रको संरक्षण गर्ने,

(१५) नगरपालिकामा संघीय सरकार, प्रदेश सरकार तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय दातृ निकायबाट लगानी वा सहकार्यमा खानेपानी प्रणाली सम्बन्धी कार्य गर्दा सो निकायबाट तोकिएको मापदण्ड बमोजिम कार्य गर्ने ।

**११. परिषद्को बैठक र निर्णयः** (१) परिषद्को बैठक वर्षमा कम्तीमा २ पटक बस्नेछ । आवश्यकतानुसार थप बैठक बस्न बाधा पर्नेछैन ।

(२) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि परिषद्को कम्तीमा २५ प्रतिशत सदस्यहरूले परिषद्को बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्तो लिखित अनुरोध प्राप्त भएको मितिले ७ दिनभित्र परिषदको बैठक बोलाउनु पर्नेछ ।

(४) परिषद्को कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा नगर प्रमुखले तोकेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) परिषद्को बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले मत दिनेछ ।

(७) परिषद्को निर्णय सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) परिषदको सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद्को निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ख) परिषद्को अल्पकालीन तथा दीर्घकालीन योजना, वार्षिक कार्यक्रम र बजेट तयार गर्ने गराउने,

(ग) परिषद्को स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने गराउने,

(घ) महाशाखा/शाखाको लागि आवश्यक कर्मचारी व्यवस्थाका लागि परिषद समक्ष सिफारिस गर्ने,

(ङ) परिषद्‌बाट स्वीकृत हुनु पर्ने प्रस्तावहरू पेश गर्ने,

(च) तोकिए बमोजिम अन्य काम गर्ने ।

**१२. सर्वसाधारणको हित हेर्नु पर्नेः** परिषद्‌ले परिषद्‌को तर्फबाट काम कारवाही गर्दा सर्वसाधारण नागरिकहरूको वृहत्तर हित र व्यापक सुविधालाई ध्यानमा राखी गर्नु पर्नेछ र त्यसरी काम गर्दा लागेको लागत खर्च समेतलाई विचार गर्नु पर्नेछ ।

**१३. वडास्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति गठनः** (१) वडाको भौगोलिक क्षेत्रभित्र रहेको सार्वजनिक खोला, इनार, कुवा, पोखरी लगायतका पानीका मुहान, विगतमा अन्य निकायसँग दर्ता भई उपभोक्ता समिति मार्फत सञ्चालनमा रहेका र समुदायमा आधारित रहेका सतह वा भूमिगत बोरिङ जस्ता खानेपानीका मुहानको समन्वय गर्न सम्बन्धित वडाअध्यक्षको संयोजकत्वमा देहाय बमोजिमको वडास्तरीय खानेपानी तथा सरसफाई समन्वय समिति गठन गर्न सक्नेछ ।

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा समितिका सदस्य सबै - सदस्य

(ग) यो ऐन प्रारम्भ हुनु अघि खानेपानी तथा सरसफाई प्रणालीको क्षेत्रमा वडा क्षेत्रभित्र काम गरेका व्यक्तिहरु मध्येबाट संयोजकले तोकेको १ जना महिला सहित २ जना - सदस्य

(घ) सम्बन्धित वडाको प्राविधिक कर्मचारी - सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

(२) वडास्तरीय खानेपानी तथा सरसफाई समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकाले तय गरेका खानेपानी सेवा सम्बन्धी नीति, रणनीति, दीर्घकालीन, मध्यमकालीन र अल्पकालीन कार्ययोजना कार्यान्वयन गर्ने,

(ख) वडामा खानेपानीको अनुचित उपयोग, दुरुपयोग, चुहावट नियन्त्रण र प्रदुषित हुन नदिने उपायहरू अवलम्वन गर्ने,

(ग) नगरपालिकाले तोके अनुसारको खानेपानीको श्रोत, वितरण प्रणाली, नियमित मर्मत सम्भार, महसुल संकलन तथा व्यवस्थापन, गुणस्तर सुधार, लगानीका पद्धतिहरू सम्बन्धी कार्य गर्ने

(घ) गुणस्तरयुक्त र प्रभावकारी सेवा सञ्चालन गर्न आवश्यक प्रवन्ध गर्ने,

(ङ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

## परिच्छेद - ३
## जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था

**१४. जलस्रोतको उपयोग सम्बन्धी प्राथमिकताः** (१) चन्द्रागिरि नगरपालिका क्षेत्रभित्रको जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ :

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाइ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) स्वास्थ्य तथा शैक्षिक संस्थाको लागि उपयोग,

(ङ) धार्मिक, सांस्कृतिक कार्यका लागि परम्परागत धारा, पोखरी, तलाउ, घाट,

(च) अन्य सरकारी र सार्वजनिक संस्था,

(छ) साना तथा घरेलु उद्योग,

(ज) उद्योग तथा व्यवसाय ।

(२) उपदफा (१) बमोजिमको प्रयोजनको लागि खानेपानी प्रणाली सञ्चालन गर्न तोकिए बमोजिमको सिफारिस गर्न सकिने छ ।

## परिच्छेद - ४
## शाखा तथा कर्मचारी सम्बन्धी व्यवस्था

**१५. शाखा तथा कर्मचारी व्यवस्थाः** (१) नगरपालिकामा एकीकृत खानेपानी व्यवस्थापनको कार्य संचालन गर्न एक छुट्टै शाखा रहनेछ । सो शाखामा रहने कर्मचारीहरुको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(२) यस ऐन लागु हुनु अगाडि खानेपानी सेवा प्रणालीमा कार्यरत कर्मचारीहरूलाई निजको दक्षता र क्षमता बमोजिम कार्यक्षेत्रमा लगाउन सकिनेछ ।

**१६. ढल निकास सेवाः** खानेपानी प्रणाली विस्तार गर्दा ढल निकासलाई पनि सँगै गर्नुपर्ने छ । मानव मलमुत्र सहित वा रहित फोहोरपानीलाई भूमिगत वा सतही ढल प्रणाली वा अन्य कुनै सुरक्षित तरिकाबाट संकलन, प्रशोधन र स्थानान्तरण गर्ने कार्यलाई नगरपालिकाले प्राथमिकता राख्नेछ । घर वा कुनै निकायबाट ढल निकास गर्दा प्रशोधन गरी वा सकपिट बनाएर मात्र निकास गर्नुपर्ने छ । कुनै व्यक्ति वा संस्थाले अनिवार्य सकपिट बनाएर मात्र ढल प्रयोग गर्नुपर्ने छ । सिधै ढलमा पानी मिसाउन पाउने छैन । यदि सोझै मिसाएमा कानुन बमोजिमको कार्यवाही गरिनेछ ।

## परिच्छेद-५
## सेवाको अनुगमन तथा निगरानी सम्बन्धी व्यवस्था

१७. **निरीक्षक तोक्नुपर्ने:** खानेपानी तथा सरसफाई सम्बन्धमा तोकिएको गुणस्तर र मापदण्डको कार्यान्वयन, अनुगमन र निगरानीका लागि सम्बन्धित विषयको विज्ञता भएको कुनै कर्मचारीलाई नगरपालिकाले तोक्न सक्नेछ ।

१८. **निगरानी गर्ने:** उपलब्ध गराएको खानेपानीको नमुना संकलन गरी त्यसको परीक्षण तथा विश्लेषणको आधारमा खानेपानीको गुणस्तर तथा निस्काशित फोहर पानीको मापदण्ड कायम भए नभएको सम्बन्धमा निरीक्षकले नियमित रुपमा निगरानी गर्नुपर्नेछ ।

## परिच्छेद - ६
## परिषद्को विशेषाधिकार

१९. **ऋण तथा सहयोग लिन सक्ने:** नगरपालिकाले एकीकृत खानेपानी व्यवस्थापनका लागि आवश्यकताको आधारमा संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायहरूबाट ऋण तथा अनुदान सहयोग प्राप्त गर्न सक्नेछ । त्यस्तो ऋण तथा सहयोग लिँदा परिषद्को सिफारिसमा गर्नुपर्नेछ ।

२०. **लगानी गर्न सक्ने:** (१) परिषद्ले दफा २७ बमोजिम स्थापना हुने कोषमा जम्मा हुने रकम खानेपानी सेवाको विकास, विस्तार, गुणस्तर सुधार, जलाधार क्षेत्रको संरक्षण लगायतका भौतिक पूर्वाधार एवं संस्थागत क्षमता विकासमा लगानी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने लगानीको क्षेत्र तथा शर्त तोकिए बमोजिम हुनेछन् ।

२१. **घर जग्गामा प्रवेश गर्न सक्नेः** यस ऐन अन्तरगत तोकिएको काम गर्न कुनै कर्मचारीले आफ्नो कर्तव्य पालनाको सिलसिलामा कुनै पनि उपभोक्ताको घर जग्गामा प्रवेश गर्नु पर्ने भएमा सोको कारण सहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

तर, कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भन्ने शंका गर्नु पर्ने मनासिब आधार र कारण भएमा त्यस्तो जग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्ने छैन ।

२२. **निजी वा सार्वजनिक घरजग्गामा पाइपलाइन बिछ्याउन सक्नेः**

(१) नगरपालिकाले उपभोक्तालाई खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउने प्रयोजनका लागि निजी वा सार्वजनिक घर जग्गामा पाइप बिछ्याउन वा अन्य संरचना बनाउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम पाइप बिछ्याउँदा वा सोसँग सम्बन्धित अन्य संरचना बनाउँदा कुनै व्यक्तिको निजी घर वा जग्गामा कुनै किसिमको हानी नोक्सानी हुन गएमा परिषद्ले सो वापत सम्बन्धित घर जग्गाधनीलाई मनासिब क्षतिपूर्ति दिन सिफारिस गर्नेछ ।

२३. **अतिरिक्त दस्तुर लगाउन सक्नेः** उपभोक्ताले सेवा उपयोग गरे वापत तिर्नु पर्ने महसुल निर्धारित समयभित्र नतिरेमा वा उपभोक्तालाई नियमित सेवा भन्दा थप सेवा उपलब्ध गराइएकोमा त्यस्तो उपभोक्ताबाट नगरपालिकाले तोकिए बमोजिम अतिरिक्त दस्तुर असुल उपर गर्न सक्नेछ ।

२४. **सेवा निलम्बन वा अन्त्य गर्न सक्नेः** (१) यस ऐन वा यस ऐन अन्तर्गत बन्ने नियमावली वा प्रचलित कानून बमोजिम निर्धारित महसुल नबुझाउने वा तोकिएको समयमा महसुल नबुझाउने उपभोक्ताको सेवा परिषद्को सिफारिसमा नगरपालिकाले अन्त्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवा अन्त्य भएकोमा उपभोक्ताले नगरपालिकालाई बुझाउनु पर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजलाई पुनः सेवा सुचारु गर्न सक्नेछ ।

## परिच्छेद- ७
## कसुर तथा सजाय सम्बन्धी व्यवस्था

**२५. कसुर तथा सजायः** (१) कसैले यो ऐन वा यस अन्तर्गत बनेको नियम वा प्रचलित कानून प्रतिकूल कुनै काम गरी देहायको कसुर गरेमा वा गर्ने प्रयास गरेमा त्यस्तो व्यक्तिलाई देहाय बमोजिम सजाय गर्न सक्नेछ ।

(क) सेवासँग सम्बन्धित कुनै संरचना, जडान वा पूर्वाधार भत्काए वा बिगारेमा वा अन्य कुनै प्रकारको क्षति पुऱ्याएमा क्षति भएको हानी नोक्सानी भराई कसुरको मात्रा हेरी नगरपालिकाले पचास हजार रुपैयाँसम्म जरिवाना गर्ने छ ।

(ख) खानेपानीलाई प्रदुषित गराई सार्वजनिक स्वास्थ्यमा प्रतिकुल असर पुऱ्याएकोमा कसुरको मात्रा हेरी पच्चीस हजार रुपैयाँ जरिवाना गर्नेछ र सो कसुर दोहोऱ्याएमा त्यसको दोब्वर जरिवाना गर्नेछ ।

(ग) सेवाको अनाधिकार प्रयोग वा दुरुपयोग गरेमा पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गरी सेवा बन्द गर्नेछ ।

(घ) सेवा मापक यन्त्र वा अन्य त्यस्तै उपकरण बिगारे वा सेवा प्रदान गर्ने कार्यमा बाधा अवरोध पुऱ्याएमा दश हजार रुपैयाँसम्म जरिवाना गर्नेछ ।

(ङ) सेवा प्रणालीमा जडित पाइपलाईन चोरी गरेमा, नोक्सानी गरेमा वा संरचना भत्काएमा वा नष्ट गरेमा सो कामबाट

पुग्न गएको क्षतिको बिगो भराई बिगो बमोजिम जरिवाना गर्न तथा त्यस्तो कार्य गर्ने व्यक्ति उपभोक्ता भए त्यस्तो उपभोक्ताको सेवा ६ महिनासम्म बन्द वा निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सेवाग्राहीले परिषद् समक्ष दिएको निवेदन उपर छानविन गर्दा कुनै व्यक्तिले कसुर गरेको ठहरेमा परिषदले छानविन गरी उपदफा (१) बमोजिम उपयुक्त सजाय गर्न सिफारिस गर्ने छ । सो सिफारिसका आधारमा नगरपालिकाले कारवाहीको निर्णय गर्नेछ ।

(३) परिषद्ले छानविन गरी खानेपानी प्रदुषण सम्बन्धी गम्भीर कसुर गरेको ठहर भएमा प्रदेश तथा संघीय कानुन बमोजिमको कारवाहीका लागि लेखी पठाइने छ ।

(४) यस दफा बमोजिम कसुरको छानबिन गरी सजाय गरेको नगरपालिकाको निर्णय उपर सम्बन्धित अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२६. **चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई व्यवस्थापन अनुगमन समिति सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक खोला, इनार, कुवा, पोखरी जस्ता सतह वा भूमिगत खानेपानी प्रशोधन गर्ने गरी सञ्चालित उपभोक्ता समिति, सामुदायिक स्वामित्वमा रहेका खानेपानी प्रणालीहरू र यससँग सम्बन्धित सम्पूर्ण सम्पत्ति तथा दायित्वको अनुगमन गर्न देहाय अनुसारको चन्द्रागिरि एकीकृत खानेपानी तथा सरसफाई व्यवस्थापन अनुगमन समिति रहने छ ।

क) नगर उपप्रमुख - संयोजक

ख) सामाजिक विकास समितिका संयोजक - सदस्य

ग) सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य - सदस्य

घ) खानेपानी हेर्ने नगरपालिकाको इन्जिनियर - सदस्य

ङ) खानेपानी हेर्ने शाखाको प्रमुख - सदस्य

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिमा आवश्यकता अनुसार खानेपानी तथा सरसफाई विज्ञ पनि समावेश गर्न सकिने छ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन समितिले राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ वा प्रचलित कानुन बमोजिमको गुणस्तर भए नभएको तथा नगरपालिकाबाट जारी भएका खानेपानी सम्बन्धी कानुनहरू पालना गरे नगरेको सम्बन्धमा अनुगमन गरी दफा ७ बमोजिमको परिषद्मा लिखित प्रतिवेदन पेश गर्नेछ ।

## परिच्छेद -८
## चन्द्रागिरि एकीकृत खानेपानी व्यवस्थापन कोष तथा लेखापरीक्षण

२७. **चन्द्रागिरि एकीकृत खानेपानी व्यवस्थापन कोषः** (१) चन्द्रागिरि एकीकृत खानेपानीको आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू जम्मा हुनेछन् ।

(क) नेपाल सरकार वा अन्य कुनै सरकारी तथा गैरसरकारी निकायवाट खानेपानी सेवा विकास, विस्तार, गुणस्तर सुधार लगायतका कामका लागि प्राप्त हुने रकम

(ख) नगरपालिकाबाट खानेपानी सेवा विकास, विस्तार, गुणस्तर सुधार लगायतका कामका लागि छुट्टाएको रकम,

(ग) उपभोक्ताले महसुल वा जडान शुल्क वा अन्य कुनै शिर्षकबाट जम्मा गरेको रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

(३) परिषद्को सिफारिसमा हुने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट गरिनेछ ।

(४) चन्द्रागिरि एकीकृत खानेपानी व्यवस्थापन कोषको रकम छुट्टै कोष खाता खोली कारोबार गरिनेछ । त्यस्तो खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र नगरपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखा समूहको कर्मचारीको संयुक्त दस्तखतवाट सञ्चालन हुनेछ ।

**२८. खर्च गर्न सक्ने:** यस ऐनको दफा २५ बमोजिम जरिवाना बापत प्राप्त भएको रकम सेवालाई नियमित गराउन, सेवा प्रणालीको आवश्यकता अनुसार मर्मत सम्भार वा पुनर्निर्माण गर्न वा तोकिए बमोजिम उपभोक्तालाई सहुलियत दिने कार्यमा खर्च गर्न सकिनेछ ।

**२९. लेखा र लेखापरीक्षण:** (१) एकीकृत खानेपानी व्यवस्थापन कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) एकीकृत खानेपानी व्यवस्थापन कोषमा रहने रकमको आन्तरिक लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण गर्ने काम नगरपालिकाको हुनेछ ।

(३) एकीकृत खानेपानी व्यवस्थापन कोषको आय व्ययको लेखापरीक्षण नगरपालिकाको नियम अनुसार हुनेछ ।

(४) परिषद्ले चाहेमा जुनसुकै बखत एकीकृत खानेपानी व्यवस्थापन कोषको लेखा तथा सोसँग सम्बन्धित कागजात जाँच्न वा जचाउन सक्नेछ ।

## परिच्छेद- ९
## विविध

३०. **निर्देशन दिन सक्ने:** सेवाको गुणस्तर कायम गर्ने, जलाधार वा वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तर कायम राख्ने सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकार वा चन्द्रागिरि नगर कार्यपालिकाले परिषद्लाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु परिषद्को कर्तव्य हुनेछ ।

३१. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने:** (१) परिषद्ले प्रत्येक आर्थिक वर्षको बजेट प्रस्तुत हुनु अगावै देहायका कुराहरू समेत समावेश गरी चन्द्रागिरि नगर कार्यपालिका समक्ष वार्षिक प्रगति पेश गर्नु पर्नेछ ।

(क) कोषको आम्दानी र खर्चको विवरण,

(ख) आफूले वर्षभर सम्पादन गरेको कामको विवरण र सोको लागि लागेको प्रशासकीय खर्चको विवरण,

(ग) आगामी वर्षको कार्ययोजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको स्रोत प्रक्षेपण,

(घ) तोकिए बमोजिमका अन्य विवरण,

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन चन्द्रागिरि नगरपालिकाले सार्वजनिक गर्नेछ ।

३२. **उप समिति वा कार्यदल गठन गर्न सक्ने:** (१) परिषद्ले आफूले गर्नु पर्ने काम कारवाही सुचारु रुपले सम्पादन गर्नको लागि विभिन्न विषयगत विशेषज्ञसहित खानेपानी प्रणालीमा कार्य गरेका उपभोक्तासमेत संलग्नता रहने गरी आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**३३. नीतिगत समन्वय गर्न सक्नेः** परिषद्ले आवश्यकताअनुसार नगरकार्यपालिका र विषयगत समितिहरु वा अन्य निकायसँग नीतिगत छलफल र समन्वय गर्न सक्नेछ ।

**३४. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम चन्द्रागिरि नगरकार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

**३५. निर्देशिका/कार्यविधि/मापदण्ड बनाई लागु गर्न सक्नेः** यो ऐन वा यस अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक निर्देशिका/कार्यविधि/मापदण्ड बनाई लागु गर्न सक्नेछ । त्यस्तो निर्देशिका/कार्यविधि/मापदण्ड चन्द्रागिरि नगरकार्यपालिकाबाट स्वीकृत भएपछि लागु हुनेछ ।

प्रमाणीकरणः २०८० असार ८ गते

मूल्य रू. १०/-

आज्ञाले

जीवन प्रसाद आचार्य

प्रमुख प्रशासकीय अधिकृत